राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया जिल्ला, ५ नं. प्रदेश, नेपाल द्वारा प्रकाशित

प्रमाणीकरण मिति :२०७५/०६/१८

## राजापुर नगरपालिका कायार्लयको सूचना

नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपधारा (१) बमोजिम राजापुर नगरपालिकाको नगरसभाले बनाएको देहायबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## राजापुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४

**प्रस्तावना** नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ तथा स्थानीय सरकार सन्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रको विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम राजापुर नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

(१) यो ऐनको नाम "राजापुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४" रहेको छ ।

२) यो ऐन राजापुर नगरपालिकाको नगरसभाले पारित गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले राजापुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले राजापुर नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले राजापुर नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाँउसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

२०७५/६/१८
शिव प्रसाद चौधरी
नगर प्रमुख

३. **नियम बनाउने अधिकार**

(१) नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य नमूना जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त राजापुर नगरपालिकाको नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने**

(१) संविधान तथा यस ऐनको अधिनमा रही राजापुर नगरपालिकाको नगरकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

शिव प्रसाद चौधरी
नगर प्रमुख